☎ ०७१-५५१२१६
सचिवः ९८५७०७५६६६
सूचना अधिकारीः ९८५७०७५१५७

लुम्बिनी प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

राप्ती उपत्यका(देउखुरी ), नेपाल

प.सं.: ०७९/०८०
च.नं. १११९

मितिः २०८०/०२/३०

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

विषय : ड्रेसकोड कार्यान्वयन सम्बन्धमा।

श्री मातहतका कार्यालयहरु सबै।

प्रस्तुत बिषयमा प्ररदेश वन ऐन २०७८को दफा १०५ तथा नियमावलि २०७९ को अनुसुची ४० बमोजिम प्रदेशमा वन सेवाका कर्मचारीहरुको पहिचान र बिशिष्टताका लागि ड्रेसकोडको व्यवस्था गरे बमोजिम उक्त व्यवस्था कार्यान्वयनका लागि चालू आ.ब.मा बजेटको बिनियोजन भई कर्मचारी संख्याका आधारमा कार्यालयहरुमा बजेट व्यवस्था समेत भइसकेको सन्दर्भमा तपसिल अनुसार ड्रेसकोडको अनिबार्य कार्यान्वयन गर्न हुन मिति २०८०।०२।३० को सचिवस्तरको निर्णायानुसार अनुरोध छ ।

तपसिल

१.प्राप्त बिनियोजित बजेट र वनसेवाका कार्यारत स्थायी कर्मचारीहरुको संख्याका अनुपातमा प्रतिव्यक्ति खर्च गर्ने।

२.यसरी आएको प्रतिव्यक्ति खर्च कर्मचारीहरुलाइ नगद उपलब्ध नगराई प्रदेश वन नियमावलिको अनुसुची ४० मा रहेको रंगिन तस्बिर अनुरुप हुने गरि स्तरियतालाई समेत ध्यान दिई पोशाक लगायतका सामाग्री तयारी पारि उपलब्ध गराउने पसलहरु मार्फत खर्च गर्ने ।

३. पोशाक लगायतका सामाग्री तयारी पारि उपलब्ध गराउने पसलहरुको छनोट कार्यालयहरुले प्रचलित कानुन अनुसार गर्ने ।

४.ड्रेसकोडको कार्यान्वयन २०८०।०४।०१ गतेदेखी अनिबार्य गर्ने गराउने ।

५. कार्यालयका सबै कर्मचारीहरुले ड्रेसकोडको प्रयोग गरेको देखिने सामुहिक तस्बिर लिई आआफ्नो Website मा राख्ने एवं एकप्रति तस्बिर सबै कार्यालयहरुले मन्त्रालयमा अनिबार्य पेश गर्ने ।

०८०।०२।३०

(केशर खड्का)
अधिकृत छैटौं(प्रा.)
बजेट कार्यक्रम तथा योजना शाखा